## वैठक नं. ४६ - २०७५ फाल्गुन २२ गतेको निर्णय प्रतिलिपि

निर्णय नं. १ विनियोजित बजेटको रकमान्तर सम्बन्धमा

सुन्दरबजार नगरपालिकाको लागि आ.व. २०७५/०७६ मा चालु खर्च तर्फ पारिश्रमिक कर्मचारी शिर्षकमा विनियोजित रकम रु ३ करोड तीन लाख अन्ठानब्बे हजार तीन सय बाइस मध्येवाट वचत हुन सक्ने रकम रु एक करोडबाट चालु तर्फ कै नपुग हुन सक्ने खर्च शिर्षकमा एक शिर्षकबाट अर्कोमा गरी कुल रु सात लाख र बाँकी रहेको रकम रु त्रियानब्बे लाख चालु खर्च शिर्षकवाट पुँजीगत खर्च शीर्षकमा देहाय बमोजिम रकमान्तर गर्ने निर्णय गरियो।

### देहाय

| सि. नं. | खर्च शीर्षक | विनियोजित रकम | अनुमानित बचत रकम | अनुमानित अपुग रकम | रकमान्तर भई जाने खर्च शीर्षक | रकमान्तर भई आउने खर्च शीर्षक |
|---|---|---|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | रु तीन करोड तीन लाख अन्ठानब्बे हजार तीन सय बाइस | १ करोड | - | चालु खर्च तर्फ कै इन्धन(पदाधिकारी), इन्धन( कार्यालय प्रयोजन) र सवारी साधन मर्मत खर्च मा नपुग हुने रकम रु सात लाख चालु तर्फ नै र बाँकी रकम रु त्रियानब्बे लाख चालु खर्च शिर्षकवाट पुँजीगत खर्च शीर्षकमा | - |
| २ | इन्धन(पदाधिकारी) | ४ लाख | - | २ लाख | - | चालु खर्च तर्फको पारिश्रमिक कर्मचारी शीर्षकबाट रु सात लाख |
| ३ | इन्धन( कार्यालय प्रयोजन) | २ लाख | | ३ लाख | | |
| ४. | सवारी साधन मर्मत खर्च | १४ लाख | | २ लाख | | |

निर्णय नं. २ कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा

सुन्दरबजार नगरपालिकाको विधायन समितिका संयोजक श्री सुरेश कुमार दुराबाट विधायन समितिमा व्यापक छलफल पछि पेश भएका देहाय बमोजिमका कार्यविधिहरुलाई आवश्यक संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो।

### देहाय

१. सुन्दरबजार नगरपालिका नगर सभा संचालन कार्यविधि, २०७५
२. घ वर्गका निर्माण व्यवशायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५
३. अपांगता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५

निर्णय नं. ३ लेखापाल श्री श्यामबहादुर पराजुलीको औषधी उपचार खर्चका सम्बन्धमा

नारायण पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

सुन्दरबजार नगरपालिकाको कार्यालयमा कार्यरत लेखापाल श्री श्याम बहादुर पराजुलीको मिति २०७५/११/१३ गतेको उपचार खर्च तथा विदा स्वीकृत सम्बन्धमा प्राप्त पत्र आजको बैठकमा पेश भई छलफल भयो। सो सम्बन्धमा निजलाई मिति २०७५/०९/१६ गते कार्यालयको आफ्नै कार्यक्षमा कार्यरत रहेको बेलामा एक्कासी कुटपीट गरी रगताम्मे हुने गरी घाईते तुल्याएपछि अस्पताल जाने क्रममा र उपचारको शीलशिलामा रहँदा बखतको अवधिका लागि १३ दिन तलबी विदा स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ४ प्राविधिक कर्मचारीको फिल्ड भत्ता

सुन्दरबजार नगरपालिका अन्तर्गत कार्यरत प्राविधिक कर्मचारीहरुको मिति २०७५/११/०३ गतेको प्राविधिकहरुमा परेको समस्याका सम्बन्धमा प्राप्त पत्र आजको बैठकमा पेश भई छलफल भयो। सो सम्बन्धमा प्राविधिक कर्मचारीहरुलाई गत आर्थिक वर्षमा उपलब्ध गराईए अनुसार यस आर्थिक वर्षमा पनि आयोजना सेवा व्यवस्थापन खर्च(कन्टिन्जेन्सी) शीर्षकबाट देहाय बमोजिम सुविधा एकमुष्ट उपलब्ध गराउने निर्णय गरियो।

देहाय

| सि.नं. | प्राविधिक कर्मचारीको पद | सुविधा रकम | सुविधा प्राप्त हुने अवधि |
|---|---|---|---|
| १ | ईञ्जिनियर | ८ हजार प्रति महिना | माघ देखि असार मसान्तसम्म |
| २ | सब- ईञ्जिनियर | ७ हजार प्रति महिना | माघ देखि असार मसान्तसम्म |
| ३ | अ.सब- ईञ्जिनियर/अमिन | ६ हजार प्रति महिना | माघ देखि असार मसान्तसम्म |

निर्णय नं. ५ नवीकरणीय उर्जा प्रविधि जडानका सम्बन्धमा

सुन्दरबजार नगरपालिकाका लागि आर्थिक वर्ष ०७५/०७६ मा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत सशर्त अनुदान तर्फका वायोग्यास जडान र सुधारिएको चुलो(वायोमास) प्रविधि जडान कार्यक्रमहरु कार्यान्वयन गर्ने र यस नगरपालिकामा प्राविधिक हिसाबले सम्भाव्य नदेखिएका नवीकरणीय उर्जा प्रविधि जडानका कार्यक्रमहरुलाई मिति २०७५/१०/२७ को माननीय मन्त्रीस्तरीय निर्णयले स्वीकृत गरेको स्थानीय तहका लागि नवीकरणीय/वैकल्पिक उर्जा शिर्षकमा विनियोजित सशर्त अनुदान अन्तर्गतका कार्यक्रमहरु कार्यान्वयनका लागि मार्गदर्शन अनुसार लघु तथा साना जलविद्युत आयोजनाबाट विद्युत उत्पादन र सौर्य उर्जा प्रविधि जडान कार्यक्रम कार्यान्वयन नगरी सोमा विनियोजित रकमलाई वायोग्यास जडान कार्यक्रम शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो। यस सम्बन्धमा यस नगरपालिका अन्तर्गत वायोग्यास जडानका लागि ईच्छुक वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट मान्यता प्राप्त गरी यस नगरपालिका अन्तर्गत कार्यरत कम्पनिहरुले बायोग्यास जडान सम्बन्धी प्रस्ताव सहित आवश्यक कागजातहरु संलग्न गरी निवेदन पेश गर्नका लागि सूचीदर्ता सम्बन्धी ७ दिने सूचना प्रकाशन गर्ने र आवश्यक प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ६ योजना रुपान्तरण सम्बन्धमा

सुन्दरबजार नगरपालिकाको नगर सभाबाट आर्थिक वर्ष ०७५/०७६ का लागि स्वीकृत भएका देहाय बमोजिमका वडास्तरीय योजनाहरु विविध जटिलताले कार्यान्वयन हुन नसक्ने भएको हुँदा योजना रुपान्तरणका लागि यस नगर कार्यपालिका समक्ष जानकारी गराएको विषयमा व्यापक छलफल भयो। त्यसका सम्बन्धमा देहाय बमोजिम रुपान्तरण गर्ने निर्णय गरियो।

नारायण पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

<u>देहाय</u>

| सि.नं. | वडा नं | योजनाको नाम | विनियोजित रकम | रकमान्तर/रुपान्तरण हुने योजना | कैफियत |
|---|---|---|---|---|---|
| १ | २ | देउपुजे मन्दिरमा पार्क निर्माण | १ लाख | देबुजे मन्दिर मर्मत | |
| २ | ३ | टि एफ देखि खुम्रुक जलकेनी वादेविचौर ओख्लेपानी धुसेनी सडक स्तरोन्नति | ३ लाख | आरभागेट-ओख्लेपानी-प्रिन्तिवेशी-मोटरबाटो निर्माण स्तरोन्नति | योजनाको नाम परिवर्तन |
| ३ | ४ | स्वास्थ्य चौकीमा यन्त्र उपकरण खरिद र सुदृढीकरण | १ लाख ५० हजार | स्वास्थ्य चौकीमा फर्निचर निर्माण | नव निर्मित स्वास्थ्य चौकीमा फर्निचर निर्माण गर्नुपर्ने भएको |
| ४ | ५ | महिला आय आर्जनका तथा सीप बिकास कार्यक्रम | १ लाख | युवा संचार विकास सहयोग कार्यक्रम | |
| ५ | ६ | सडक लाइनका प्रत्येक घरमा एक घर दुई गमला दुई पुष्प विरुवा वितरण कार्यक्रम | २ लाख | ग्याग्दी खोला- फलाते चौर अधुरो पक्की नाला सम्पन्न गर्ने योजना | |
| | ९ | पुलचोक देखि पैरे सडकसम्म जोड्ने गल्ली सुधार योजना | ५ लाख | बगैँचा सूर्य कुमार श्रेष्ठको घरदेखि पुरानो बजार हुँदै वालुने चोकबाट विष्णु कुमार श्रेष्ठको घरसम्म थप कालोपत्रे गर्ने योजना | दुईवटा योजनाहरु कार्यान्वयन गर्न जटिल भएकाले एउटै योजनामा रकमान्तर गरी कार्यान्वयन गर्ने |
| | | लामाको मासु पसल देखि सिर्जनशिल तमु समाजको भवन सम्म गोरेटो बाटो सुधार | ३ लाख | | |

निर्णय नं. ७ परेवाडाँडा स्वास्थ्य चौकीको विजुलीको विल

परेवाडाँडा स्वास्थ्य चौकीको च नं ४२ मिति २०७५/१०/२३ गतेको विद्युत विल भुक्तानि सम्बन्धमा प्राप्त पत्र आजको वैठकमा पेश भई जानकारी भयो। सो सम्बन्धमा उक्त स्वास्थ्य चौकीको नाममा लामो समय देखि भुक्तानि गर्न बाँकी रहेको विद्युत खपतको विल वापतको महसुल र जरिवाना रकम मध्ये जरिवाना रकम सम्बन्धित स्वास्थ्य चौकीले नै व्यहोर्ने गरी बाँकी विद्युत महसुल नगर कार्यपालिका कार्यालयबाट भुक्तानी गरिदिने निर्णय गरियो।

निर्णय नं. ८ ल्यापडफिल साईट पूर्वाधार विकास कार्यक्रम सम्बन्धी

नारायण पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

गण्डकी प्रदेश सरकारबाट जारी भएको प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिम सुन्दरबजार नगरपालिकाको आ.व. २०७५/०७६ का लागि नगर सभाबाट स्वीकृत फोहरमैला व्यवस्थापन (लैण्डफिल साईट पुर्वाधार समेत) कार्यक्रम यस नगरपालिका र प्रदेश सरकारको सहलगानीमा संचालन गर्न लागिएको हुँदा उक्त कार्यक्रमलाई सिलबन्दी बोलपत्र आव्हान गरी यथासिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. ९ औषधी उपचार सहायता सम्बन्धी

सुन्दरबजार नगरपालिकाका विभिन्न रोगबाट पीडित भई उपचारको क्रममा रहेका निम्न बमोजिमका व्यक्तिहरुलाई औषधी उपचार वापत चालु खर्च तर्फको अन्य सहायता शीर्षकवाट निम्न अनुसारको सहयोग उपलब्ध गराउने निर्णय गरियो।

निम्न

| सि.नं. | बिरामीको नाम | ठेगाना | लागेको रोग | सहयोग रकम(रु) |
|---|---|---|---|---|
| १ | प्रवीण कुमार वैरागी (अधिकरी) | सुन्दरबजार न.पा. ३ | क्यान्सर | पचास हजार |
| २ | सुदर्शन बाँस्तोला | सुन्दरबजार न.पा. ३ | क्रोनिक भेनस इनसफिसियन्सी | पच्चीस हजार |

निर्णय नं. १० मर्मत संभार शिर्षकमा विनियोजित रकमका सम्बन्धमा

सुन्दरबजार नगरपालिकाका लागि आर्थिक वर्ष ०७५/०७६ का लागि स्वीकृत मर्मत संभार कार्यक्रम शीर्षकमा विनियोजित रकम रु ८३ लाख मध्ये नगर कार्यपालिकाको मिति २०७५ भाद्र १६ गतेको निर्णय नं. २ अनुसार प्रत्येक वडाका लागि विनियोजित ५ लाख रकम मध्येको निर्माण सामग्री खरिद सहयोग कार्यक्रम शीर्षक अन्तर्गत रहेको व्यवस्थामा निर्माण सामाग्री खरिद गर्दा न्यूनतम रु पाँच हजार देखि बढीमा रु दश हजार सम्मको रकम स्वीकृत गर्न सक्ने व्यवस्था रहेकोमा त्यसरी खरिद गर्दा धेरै कार्यक्रममा रकम अपुग हुने भएकोले सो व्यवस्थामा परिमार्जन गर्नु आवश्यक छ भनी विभिन्न वडाध्यक्षहरुबाट आजको वैठकमा उठाईएको विषयमा छलफल भयो। सो सम्बन्धमा उल्लेखित कार्यक्रममा विनियोजित रकम रु १ लाख मध्ये सम्बन्धित वडा समितिले निर्णय गरी आवश्यकता अनुसार खर्च गर्न सक्ने गरी व्यवस्था कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. ११ प्रहरी चौकी सुन्दरबजारलाई विद्यालयको खाली भवन प्रयोगको अनुमति सम्बन्धी

सुन्दरबजार नगरपालिका वडा नं-६ स्थित प्रहरी चौकी सुन्दरबजारलाई श्री आदर्श बाल माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिसँग समन्वय गरी विद्यालयको खाली भवन प्रयोगको अनुमतिका लागि दुवै पक्षलाई लेखी पठाउने निर्णय गरियो।

निर्णय नं. १२ सहकारी नियमन सम्बन्धी

सहकारी ऐन, २०७४ र सुन्दरबजार नगरपालिकाको सहकारी ऐन, २०७५ जारी भई लागू भईसकेपनि संघीय सहकारी नियमावली जारी नभएकोले सहकारी संस्थाको दर्ता, नियमन र व्यवस्थापनका लगायतका विषयमा कतिपय अवस्थामा उल्लेखित कानून पर्याप्त हुन नसकेको हुँदा सुन्दरबजार नगरपालिकाले हाल सम्म पनि सहकारी सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न नसकेको

नारायण पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

विषयलाई मध्येनजर गर्दैं संघीय सहकारी नियमावली जारी नहुञ्जेलसम्म सहकारी नियमावली, २०४९ को व्यवस्थालाई आधार मानी सहकारी सम्बन्धी व्यवस्था कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. १३ नगर सभा सञ्चालन

सुन्दरबजार नगरपालिकाको चौथो नगर सभा मिति २०७५ चैत्र ५ गते संचालन गर्ने निर्णय गरियो।

निर्णय नं. १४ कृषिको कार्यक्रमको रकमान्तर

सुन्दरबजार नगरपालिकाको कृषि विकास शाखाको स्वीकृत कार्यक्रम" कृषि मेला प्रदर्शनी संचालन" कार्यान्वयन गर्न हालसम्म अनुकूल नभएको र यस बर्ष सुन्दरबजार महोत्सव पनि आयोजना नभएको हुँदा उक्त कार्यक्रम संचालन हुन नसक्ने देखी कृषि बिकास शाखाबाट उपरोक्त कार्यक्रमका लागि विनियोजित बजेट रु. एक लाख "सुन्तला बगैचा सुदृढीकरण जनचेतना अभियान" कार्यक्रम संचालन गर्नका लागि रकमान्तर गर्ने प्रस्ताव आजको बैठकमा पेश भएको विषयमा छलफल गरियो। सो सम्बन्धमा उक्त बजेट रकमलाई "सुन्तला बगैचा सुदृढीकरण जनचेतना अभियान" कार्यक्रममा रकमान्तरका लागि स्वीकृति दिने निर्णय गरियो।

निर्णय नं. १५ नगरपालिका भवन निर्माण सम्बन्धी

सुन्दरबजार नगरपालिकाको कार्यालय भवन निर्माणका सम्बन्धमा सुन्दरबजार नगरपालिका -६ स्थित ठाँटीचौर बासीहरुले उपलब्ध गराएको सुन्दरबजार नगरपालिका-६ स्थित कित्ता नं. २७८ क्षेत्रफल ३-६-२-२ मा कित्ता नं. २६८ क्षेत्रफल ३-४-२-० को जग्गा समेत थप गरी नगरपालिकाको स्वामित्वमा प्राप्त हुने गरी उपलब्ध गराएको खण्डमा उक्त स्थानमा नगरपालिका भवन निर्माणका लागि बोलपत्र आव्हान गरी भवन निर्माण प्रक्रिया यथासिघ्र अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं. १६ न्यायिक समितिको तालीम

सुन्दरबजार नगरपालिकाको न्यायिक समितिको क्षमता अभिवृद्दि गर्न एवं वडास्तरमा मेलमिलाप कर्ताबाट मेलमिलाप केन्द्र संचालन गरी न्यायिक अभ्यासलाई सहज र सुलभ बनाउन लागि न्यायिक समितिको क्षमता विकास तालीम संचालन गर्ने निर्णय गरियो।

निर्णय नं. १७ वडानं. २ को खानेपानी पाईप का लागि सहयोग सम्बन्धी

सुन्दरबजार नगरपालिका – २ अन्तर्गत पुर्काङ खानेपानी ट्यांकीबाट सिर्जनशिल टोल वडहरे गाँउसम्म खानेपानी विस्तार गर्ने शिलशिलामा पाईप अपुग भई विस्तार कार्य अधुरो रहन गएको हुनाले पाईप खरिद गरी सहयोग गरिदिन सम्बन्धित उपभोक्ता समितिबाट माग भए अनुसार वडा कायालयबाट सिफारिस भई आए अनुसार उक्त समितिलाई पाइप खरिद गरी खानेपानी विस्तार कार्य सुचारू गर्न प्राविधिक लागत ईष्टिमेट अनुसार रु ४५०००(रुपैया पैतालिस हजार) नगर पूर्वाधार विकास कार्यक्रम शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

नारायण पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत